प्रति शेयर अंकित मूल्य रू.१००/- दरका ७,०७,८०० कित्ता साधारण शेयर मध्ये जारी पूँजीको ०.५०% अर्थात १०,८९० कित्ता शेयर कर्मचारीहरूको लागि सुरक्षित गरिएको तथा सर्वसाधारणलाई छुट्ट्याएको शेयर मध्येको ५% अर्थात ३५,३९० कित्ता शेयर सामूहिक लगानी कोषको लागि बाँडफाँट भई बाँकी रहने ६,६१,५२० कित्ता साधारण शेयरहरूको सार्वजनिक निष्कासन गरिएको।

दरखास्तसाथ प्रति साधारण शेयर रू.१००/- को दरले शतप्रतिशत भुक्तानी माग गरिएको।

स्वीकृत विवरणपत्र मार्फत निष्कासन गरिने साधारण शेयरको सार्वजनिक निष्कासन गर्नका लागि ईक्रा नेपाल लि. बाट क्रेडिट रेटिङ्ग "आइसिआरए एनपि आईपिओ ग्रेड ४+" प्रमाणपत्र प्राप्त गरेकोछ।

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्कासनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्कासनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिएको हो।

साधना लघुवित्त वित्तीय संस्था लि.

SADHANA LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको राष्ट्रियस्तरको इजाजतपत्र प्राप्त संस्था)
गोरखा नगरपालिका, वडा नं. ६, हरमटारी, गोरखा, नेपाल । फोन नं.: ०६४-४२०५०३
URL: www. sadhanalaghubitta.com.np, E-mail: sadhanamf2074@gmail.com

आव्हान-पत्र

यो विवरण-पत्र नभई केवल आव्हान-पत्र मात्र हो ।

साधारण शेयरको बिक्री खुल्ला अवधि	
धितोपत्र निष्कासन खुल्ला मिति	२०७७/०३/२१
धितोपत्र निष्कासन बन्द हुने मिति (छिटोमा)	२०७७/०३/२४
धितोपत्र निष्कासन बन्द हुने मिति (ढिलोमा)	२०७७/०४/०४

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

विवरण	वास्तविक			प्रक्षेपित*		
	आ.व. २०७३/०७४	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६	आ. व. २०७६/०७७	आ. व. २०७७/०७८	आ. व. २०७८/०७९
प्रति शेयर नेटवर्थ (रु.)	१००.०१	९९.६३	१३०.१२	१२९.५९	१२९.०२	१४०.२१
प्रति शेयर आम्दानी (रु.)	०.०१	०.०९	२४.८७	२५.४५	२६.६०	३४.३२
सचित नाफा/(नोक्सान) (रु.हजारमा)	१.५७	३४.२८	५,२०५.९३	२,१६१.९३	४९७.३२	१,८२८.१२

दरखास्त दिनुपर्ने न्युनतम कित्ता :	१० कित्ता
दरखास्त दिन पाउने अधिकतम कित्ता :	१,००० कित्ता

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृति प्राप्त भएको मिति २०७७/०३/०७, नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएको मिति २०७७/०३/०८ र कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति २०७७/०३/०९

(१) संस्थाको नाम:

साधना लघुवित्त वित्तीय संस्था लिमिटेड (Sadhana Laghubitta Bittiya Sanstha Limited)

(२) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा:

यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७४ जेष्ठ ३१ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको हो।

(३) संगठित संस्थाको रजिष्टर्ड कार्यालय:

यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय प्रदेश नं.४, गण्डकी अञ्चल, गोरखा जिल्ला, गोरखा नगरपालिका, वडा नं. ६ हरमटारीमा रहेको छ।

(४) कारोवार गर्ने मुख्य स्थान:

यस वित्तीय संस्थाको कारोबार स्थान नेपाल अधिराज्यभर रहेको छ। हाल वित्तीय संस्थाले गोरखा, धादिङ्ग, लमजुङ्ग, मकवानपुर, तनहुँ, कास्की, पर्वत, बाग्लुङ्ग, नवलपरासी पश्चिम, स्याङ्जा, नवलपरासी पूर्व, रुपन्देही, गुल्मी, म्याग्दी, चितवन, पर्सा, सप्तरी, सिरहा, रौतहट, कपिलवस्तु, सर्लाही र महोत्तरी गरी २२ जिल्लामा आफ्नो ६० वटा शाखा कार्यालयहरु स्थापना गरी लघुवित्त कारोबार गर्दै आइरहेको छ र नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकतानुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोबार गर्न सकनेछ। हाल यस वित्तीय संस्थाले रजिष्टर्ड कार्यालयको अलावा देहायका स्थानहरुमा रहेको शाखा कार्यालयहरुबाट आफ्नो लघुवित्त कारोबार सञ्चालन गर्दै आइरहेको छ।

क्र.स.	कार्यालयको नाम	कार्यालयको किसिम	ठेगाना
१	हरमटारी	शाखा कार्यालय	गोरखा नगरपालिका -६, गोरखा
२	घैरुङ्ग	शाखा कार्यालय	शहिदलखन गाँऊपालिका -६, गोरखा
३	घ्याम्पेशाल	शाखा कार्यालय	भिमसेनथापा गाँऊपालिका -१, गोरखा
४	पालुङ्टार	शाखा कार्यालय	पालुङ्टार नगरपालिका-४, गोरखा
५	भच्चेक	शाखा कार्यालय	अजिरकोट गाँऊपालिका -३, गोरखा
६	सल्यानटार	शाखा कार्यालय	त्रिपुरासुन्दरी गाँऊपालिका -२, धादिङ्ग
७	सातबिसे	शाखा कार्यालय	राईनास नगरपालिका -४, लम्जुङ
८	धादिङ्गबेशी	शाखा कार्यालय	निलकण्ठ नगरपालिका -४, धादिङ्ग
९	चैनपुर	शाखा कार्यालय	ज्वालामुखी गाँऊपालिका -६, धादिङ्ग
१०	सिम्ले	शाखा कार्यालय	थाके गाँऊपालिका -२, धादिङ्ग
११	हाँडीखोला	शाखा कार्यालय	मनहरी गाँऊपालिका -३, मकवानपुर
१२	फापरबारी	शाखा कार्यालय	बागमती गाँऊपालिका -८, मकवानपुर
१३	भानु	शाखा कार्यालय	भानु नगरपालिका -१, तनहुँ
१४	चन्द्रावती	शाखा कार्यालय	भानु नगरपालिका -१३, तनहुँ
१५	बुढाथुम	शाखा कार्यालय	गंगाजमुना गाँऊपालिका -७, धादिङ्ग
१६	बज्रबराही	शाखा कार्यालय	थाहा नगरपालिका -६, मकवानपुर
१७	खोलाको छेऊ	शाखा कार्यालय	रुपा गाँऊपालिका -६, कास्की
१८	सुनपदेली	शाखा कार्यालय	मादी गाँऊपालिका -५, कास्की
१९	हातेमालो	शाखा कार्यालय	पैयूँ गाँऊपालिका -४, पर्वत
२०	अक्षते	शाखा कार्यालय	काठेखोला गाँऊपालिका -१, बाग्लुङ
२१	नयाँसाघु	शाखा कार्यालय	सिरानचोक गाँऊपालिका-१, गोरखा
२२	सेम्जोङ	शाखा कार्यालय	नेत्रावती गाँऊपालिका -३, धादिङ्ग
२३	मनकामना	शाखा कार्यालय	शहिदलखन गाँऊपालिका -२, गोरखा
२४	चरौंदी	शाखा कार्यालय	बेनीघाट रोराङ गाँऊपालिका -७, धादिङ्ग
२५	बारपाक	शाखा कार्यालय	बारपाक सुलिकोट गाँऊपालिका -१, गोरखा
२६	माछाखोला	शाखा कार्यालय	धार्चे गाँऊपालिका -५, गोरखा
२७	हकुई	शाखा कार्यालय	रामग्राम नगरपालिका -१६, नवलपरासी पश्चिम
२८	जामुने	शाखा कार्यालय	म्याग्दे गाँऊपालिका -३, तनहुँ
२९	वालिङ्ग	शाखा कार्यालय	वालिङ्ग नगरपालिका- ९, स्याङ्जा
३०	चोरमारा	शाखा कार्यालय	मध्यबिन्दु नगरपालिका -८, नवलपरासी पुर्व
३१	मंगलापुर	शाखा कार्यालय	तिलोत्तमा नगरपालिका -७, रुपन्देही
३२	फर्साटिकर	शाखा कार्यालय	शुद्धोधन नगरपालिका -३, रुपन्देही
३३	भिमभिमिया	शाखा कार्यालय	सैनामैना नगरपालिका -१०, रुपन्देही
३४	अमरापुरी	शाखा कार्यालय	गैडाकोट नगरपालिका -१७, नवलपरासी पुर्व
३५	माछापुच्छ्रे	शाखा कार्यालय	माछापुच्छ्रे गाँऊपालिका -४, कास्की
३६	पुर्तीघाट	शाखा कार्यालय	कालिगण्डकी गाँऊपालिका -४, गुल्मी
३७	बेथरी	शाखा कार्यालय	मायादेवी गाँऊपालिका -६, रुपन्देही
३८	सुनवल	शाखा कार्यालय	सुनवल नगरपालिका-१, नवलपरासी पश्चिम
३९	गोपिगंज	शाखा कार्यालय	बर्दघाट नगरपालिका -१४, नवलपरासी पश्चिम
४०	सैनामैना	शाखा कार्यालय	सैनामैना नगरपालिका-१, रुपन्देही
४१	शंकरपुर	शाखा कार्यालय	देवदह नगरपालिका - ११, रुपन्देही
४२	पोखरेबगर	शाखा कार्यालय	अन्नपुर्ण गाँऊपालिका-६, म्याग्दी
४३	कुश्मीशेरा	शाखा कार्यालय	जैमिनी गाँऊपालिका-१, बाग्लुङ्ग
४४	शिखरकटेरी	शाखा कार्यालय	मकवानपुरगढी गाँऊपालिका-२, मकवानपुर
४५	मझुवा	शाखा कार्यालय	चन्द्रकोट गाँऊपालिका -८, गुल्मी
४६	सर्केटारी	शाखा कार्यालय	फेदीखोला गाँऊपालिका -१, स्याङ्जा
४७	लुम्बिनी	शाखा कार्यालय	लुम्बिनी साँस्कृतिक नगरपालिका-१०, रुपन्देही
४८	पदमपुर	शाखा कार्यालय	कालिका नगरपालिका-५, चितवन
४९	टाँडी	शाखा कार्यालय	रत्ननगर नगरपालिका -१, चितवन
५०	बसन्तपुर	शाखा कार्यालय	माडी नगरपालिका -३, चितवन
५१	ठोरी	शाखा कार्यालय	ठोरी गाँऊपालिका -२, पर्सा
५२	दार्खा	शाखा कार्यालय	खनियाबास गाँऊपालिका -४, धादिङ्ग
५३	सखडा	शाखा कार्यालय	छिन्नमस्ता गाँऊपालिका -३, सप्तरी
५४	लक्ष्मीपुर पतारी	शाखा कार्यालय	लक्ष्मीपुर पतारी गाँऊपालिका -४, सिरहा
५५	सुकदेव चौक	शाखा कार्यालय	यमुनामाई गाँऊपालिका -१, रौतहट
५६	चन्द्रौटा	शाखा कार्यालय	शिवराज नगरपालिका -५, कपिलवस्तु
५७	समनपुर	शाखा कार्यालय	गढीमाई नगरपालिका -२, रौतहट
५८	चन्ही	शाखा कार्यालय	बलान बिहुँल गाँऊपालिका -२, सप्तरी
५९	ब्रह्मपुरी	शाखा कार्यालय	ब्रह्मपुरी गाँऊपालिका -२, सर्लाही
६०	औरही	शाखा कार्यालय	औरही नगरपालिका-१, महोत्तरी

(५) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु:

यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७४ साल जेष्ठ ३१ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक कम्पनीको रुपमा दर्ता भएको हो। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०७४ साल कार्तिक १३ गते नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको १० जिल्ला कार्यक्षेत्र भएको लघुवित्त वित्तीय संस्थाको रुपमा वित्तीय कारोवार गर्न इजाजतपत्र प्राप्त गरी मिति २०७४ कार्तिक २२ गतेदेखि वित्तीय कारोवार शुरु गरेकोमा बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) सम्बन्धी विनियमावली, २०७३ बमोजिम तनहुँ जिल्लाको दुम्रेमा केन्द्रीय कार्यालय रहेको साविकको आर्थिक समृद्धि लघुवित्त वित्तीय संस्थालाई प्राप्ति (एक्विजिसन) गरी मिति २०७६ साल असार ३० गतेदेखि साधना लघुवित्त वित्तीय संस्था लिमिटेडको नाउँबाट "घ" वर्गको राष्ट्रियस्तरको वित्तीय संस्थाको रुपमा एकीकृत वित्तीय कारोबार सञ्चालन गरेको संस्था हो। यस वित्तीय संस्थाका संस्थापकहरुमा विभिन्न बैंक तथा वित्तीय संस्था तथा बैंकिङ्ग क्षेत्र, जलविद्युत क्षेत्र, सरकारी क्षेत्र, गैर-सरकारी क्षेत्र, शैक्षिक क्षेत्र, कृषि उद्योग तथा व्यापार क्षेत्र एवं व्यवस्थापन क्षेत्रमा लामो समयदेखि दखल भएका प्रतिष्ठित व्यक्तिहरु रहनुभएको छ।

वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०७३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ कम्पनी कानुन तथा अन्य प्रचलित कानुनका अधिनमा रही लघुवित्त कारोबार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको देखिन्छ।

(क) वित्तीय संस्थाको निक्षेपकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,
(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,
(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,
(घ) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुऱ्याई देशको अर्थतन्त्रलाई सबल र सुदृढ बनाउन सहयोग पुऱ्याउने, र
(ङ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने।

(६) पूँजी संरचना सम्बन्धी जानकारी:

अधिकृत पूँजी :
वित्तीय संस्थाको अधिकृत पूँजी रु.३०,००,००,०००/- (अक्षरेपी तीस करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु. १००/- का दरले ३०,००,०००/- (तीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।

जारी पूँजी :
वित्तीय संस्थाको जारी पूँजी रु.२१,७७,८०,०००/- (अक्षरेपी एक्काईस करोड सतहत्तर लाख असी हजार मात्र) रहेको छ। सो पूँजीलाई रु. १००/- का दरले २१,७७,८०० (एक्काईस लाख सतहत्तर हजार आठ सय) थान साधारण शेयरमा विभाजित गरिएको छ।

चुक्ता पूँजी :
वित्तीय संस्थाको हाल चुक्ता पूँजी रु.१४,७०,००,०००/- (अक्षरेपी चौध करोड सत्तरी लाख मात्र) रहेको छ। वित्तीय संस्थाको आफ्नो जारी पुँजी मध्ये रु.१४,७०,००,०००/- (अक्षरेपी चौध करोड सत्तरी लाख मात्र) संस्थापक शेयरधनीहरुबाट चुक्ता भईसकेको तथा बाँकी रहेको ७,०७,८०० (अक्षरेपी सात लाख सात हजार आठ सय) कित्ता बराबर रु.७,०७,८०,०००/- को धितोपत्र सार्वजनिक निष्कासनद्वारा सर्वसाधारणमा निष्कासन गरी बाँडफाँट गरे पश्चात् वित्तीय संस्थाको चुक्ता पुँजी रु.२१,७७,८०,०००/- (अक्षरेपी एक्काईस करोड सतहत्तर लाख असी हजार मात्र) हुनेछ।

संस्थाको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पूँजीमा निम्न बमोजिम परिवर्तन भएको छ :

आर्थिक वर्ष	अधिकृत पूँजी (रु.)	जारी पूँजी (रु.)	चुक्ता पूँजी (रु.)	कैफियत
२०७३/७४	५,००,००,०००	३,५०,००,०००	२,४१,८५,०००	
२०७४/७५	१०,००,००,०००	७,००,००,०००	४,९०,००,०००	
२०७५/७६	१०,००,००,०००	७,००,००,०००	४,९०,००,०००	आर्थिक समृद्धि लघुवित्त वित्तीय संस्था लि. लाई एक्विजिसन गर्नु अघि
२०७५/७६	२०,००,००,०००	१०,५०,००,०००	७,३५,००,०००	आर्थिक समृद्धि लघुवित्त वित्तीय संस्था लि. लाई एक्विजिसन गरे पश्चात्
२०७६/७७	३०,००,००,०००	२१,७७,८०,०००	१४,७०,००,०००	२०७६ चैत्र मसान्तसम्म

(७) साधारण शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात् हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना:

साधारण शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात् हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

समूह	शेयरधनीहरु	साधारण शेयर संख्या	पूँजी प्रतिशत (%)	चुक्ता रकम	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	१४,७०,०००	६७.५०%	१४,७०,००,०००.००	शतप्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित)	७,०७,८००	३२.५०%	७,०७,८०,०००.००	निष्कासन पश्चात
	जम्मा	**२१,७७,८००**	**१००%**	**२१,७७,८०,०००.००**	

(८) सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था:

लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार सात (७) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिमको व्यवस्था रहेको छ।

समूह "क" संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित/मनोनीत सञ्चालकहरु	४ जना
समूह "ख" शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित/मनोनीत सञ्चालकहरु	२ जना
स्वतन्त्र सञ्चालक	१ जना
जम्मा	**७ जना**

सञ्चालकहरुको कार्यकाल ४ वर्षको रहेको छ।

सञ्चालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :
वित्तीय संस्थाको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार वित्तीय संस्थाको सञ्चालक हुनको लागि यस वित्तीय संस्थाको कम्तिमा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्नेछ। यसरी शेयर लिने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितोबन्धक दिएको वा राखेको हुनु हुदैन। तर स्वतन्त्र सञ्चालक वा संगठित संस्थाले वित्तीय संस्थामा लगानी गरी सञ्चालक मनोनयन गरेको अवस्थामा सञ्चालकले व्यक्तिगत हैसियतले त्यस्तो शेयर लिन आवश्यक हुने छैन।

(९) सञ्चालक तथा आधारभुत शेयरधनीहरुको विवरण:

आधारभूत शेयरधनीहरुको विवरण :

क्र.सं.	शेयरधनीको नाम	पद	उमेर	राष्ट्रियता	शैक्षिक योग्यता	ठेगाना	शेयर स्वामित्व	प्रस्तावित व्यापार/व्यवसाय	अन्य कार्य अनुभव
१	श्री साग्रिला डेभलपमेन्ट बैंक लिमिटेड	लागु नहुने				काठमाण्डौ महानगरपालिका-२८, बालुवाटार	२,००,०००	बैंकिङ्ग तथा वित्तीय कारोवार	१५ वर्षदेखि नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको वित्तीय संस्थाको ईजाजतपत्र प्राप्त गरी वित्तीय सेवा प्रदान गरि रहेको।
२	श्री नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेड	लागु नहुने				काठमाण्डौ महानगरपालिका-५, बागबजार	२,००,०००	बैंकिङ्ग तथा वित्तीय कारोवार	२३ वर्षदेखि नेपाल राष्ट्र बैंकबाट "क" वर्गको राष्ट्रियस्तरको वाणिज्य बैंकको ईजाजतपत्र प्राप्त गरी बैंकिङ्ग तथा वित्तीय सेवा प्रदान गरिरहेको।
३	श्री हरि प्रसाद अर्याल	संस्थापक शेयरधनी	४४ बर्ष	नेपाली	बि.कम.	नारेश्वर, गोरखा	२३,०००	-	सन् २०११ देखि सन् २०१७ सम्म तत्कालिन कसमस डेभलपमेन्ट बैंक लि.मा सञ्चालकको रुपमा कार्य गरेको।
४	श्री एक नारायण चापागाई	संस्थापक शेयरधनी	४९ बर्ष	नेपाली	पि.एच.डी.	पिडिखोला गा.बि.स.-६,स्याङ्जा	१,२०,०००	-	(क) सन् २०१७ देखि सन् २०१८ सम्म आर्थिक समृद्धि लघुवित्त वित्तीय संस्था लि.मा अध्यक्षको रुपमा कार्य गरेको। (ख) सन् २०११ देखि हालसम्म एल.एल.सि. म्यागनाथमा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत।
५	श्री नीता पाठक चापागाई	संस्थापक शेयरधनी	४० बर्ष	नेपाली	बि.एस्सी.	ललितपुर म.पा-१, धापाखेल	५०,०००	-	सन् २०१२ देखि कन्टीनेन्टल टि एण्ड एक्सपोर्ट प्रा. लि.मा बजार प्रबन्धकको रुपमा कार्यरत।
६	श्री गंगा प्रसाद ढकाल	संस्थापक शेयरधनी	४७ बर्ष	नेपाली	बि.ए.	बुटवल उ.म.पा.-६, मैत्रीपथ	३०,०००	-	सन् १९९४ देखि बुटवलमा औषधी ब्यबसायी
७	श्री राजेन्द्र अधिकारी	संस्थापक शेयरधनी	४३ बर्ष	नेपाली	एम.ए.	रुपाकोट गा.पा. ४, तनहुँ	६०,०००	-	सन् २००३ देखि एल. एल. सि. आर्ट ईम्पेक्समा आर्थिक निर्देशकको रुपमा कार्यरत।

सञ्चालकहरुको विवरण :

क्र.सं.	सञ्चालकको नाम र ठेगाना	पद	उमेर	समूह	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	प्रस्तावित व्यापार/व्यवसाय	अनुभव
१	श्री कृष्ण बहादुर थापा नारेश्वर-२, गोरखा	अध्यक्ष	५८	संस्थापक	नेपाली	१६,०००	बि.कम	स्थापनाकाल देखि यस संस्थाको अध्यक्ष पदमा कार्यरत।	(क) सन् १९८६ देखि सन् १९९१ सम्म सहायक लेखापालको रुपमा नेपाल बिद्युत प्राधिकरणमा कार्य गरेको। (ख) सन् १९९१ देखि सन् १९९४ सम्म कर्णाली रिभर ब्रिज प्रोजेक्टमा वरिष्ट लेखा अधिकृतको रुपमा कार्यरत। (ग) सन् १९९५ देखि सन् २००१ सम्म ORG-MARG Nepal Pvt. Ltd. मा लेखा तथा प्रशासन अधिकृतको रुपमा कार्य गरेको। (घ) सन् २००१ देखि सन् २००४ सम्म अन्तराष्ट्रिय रेडक्रसमा प्रशासन सहायकको रुपमा कार्य गरेको। (ङ) सन् २००४ देखि सन् २००६ सम्म अन्तराष्ट्रिय रेडक्रसमा मानव संसाधन सहायकको रुपमा कार्य गरेको। (च) सन् २००६ देखि सन् २०१० सम्म अन्तराष्ट्रिय रेडक्रसमा मानव संसाधन प्रबन्धकको रुपमा काय गरेको। (छ) सन् २०१२ देखि सन् २०१७ सम्म कसमस डेभलपमेन्ट बैंक लि. को सञ्चालकको रुपमा कार्य गरेको।
२	डा. नरहरि ढकाल हर्मी -७, गोरखा	सञ्चालक	५९	संस्थापक	नेपाली	२०,०००	पि.एच.डी (अर्थशास्त्र)	यस लघुवित्त वित्तीय संस्था लि.मा मिति २०७६/०३/३० गतेदेखि हालसम्म सञ्चालकको रुपमा रहनुभएको।	(क) बैंकिङ बिशेषज्ञ, बिभिन्न बैंक वित्तीय संस्थामा ३५ वर्षको अनुभव। (ख) MicroFinance Specialist को रुपमा डिसेम्बर १९९१ देखि अक्टोबर १९९४ सम्म ILO/UNDP Nepal मा कार्यानुभव। (ग) डिप्रोक्स नेपालमा Programme Director को रुपमा ६ वर्ष चार महिना (नोवेम्बर १९९४ देखि मार्च २००० सम्म) को कार्याअनुभव। (घ) सन् २०११ देखि सन् २०१४ सम्म राष्ट्रिय वाणिज्य बैंक लि.मा अध्यक्ष।
३	श्री रमेश सापकोटा (प्रतिनिधित्व : एन.सि.सि. बैंक लि.) कुसादेवी-५, काठमाण्डौं	सञ्चालक	४३	संस्थापक	नेपाली	२,००,०००	एम बि ए एम. ए. (अर्थशास्त्र)	यस लघुवित्त वित्तीय संस्था लि.मा मिति २०७५/१२/२९ गतेदेखि हालसम्म सञ्चालकको रुपमा रहनुभएको।	विगत २० वर्षदेखि एन.सी.सी बैंक लि.मा विभिन्न तहहरुमा कार्यरत रही हाल प्रमुख सञ्चालन अधिकृतको रुपमा कार्यरत।
४	श्री राधाकृष्ण भण्डारी छालिङ-४, भक्तपुर	सञ्चालक	४२	संस्थापक	नेपाली	४,०००	एम. ए. बि.एल	यस लघुवित्त वित्तीय संस्था लि.मा मिति २०७४/०६/०१ गतेदेखि हालसम्म सञ्चालकको रुपमा रहनुभएको।	कानुन ब्यवसायी, विगत १५ वर्षदेखि लोयल ल एसोशिएट्समा आवद्ध।
५	श्री अर्जुन कुमार सिं नारेश्वर-४, गोरखा	सञ्चालक	४३	संस्थापक	नेपाली	८,०००	बि.कम.	स्थापनाकाल देखि यस संस्थाको संचालक पदमा कार्यरत।	२० वर्षदेखि मेरिना ईम्पेक्समा प्रबन्ध सञ्चालकको रुपमा कार्यरत।

प्रमुख कार्यकारी अधिकृत/ कम्पनी सचिवको नाम, ठेगाना, शैक्षिक योग्यता तथा कार्य अनुभव :

क्र.सं.	कर्मचारीको नाम र ठेगाना	तह	शैक्षिक योग्यता	नियुक्ति मिति	कार्य अनुभव	शेयर संख्या
१	रेशम न्यौपाने, सिन्दुरे ६, लमजुङ्ग	प्रमुख कार्यकारी अधिकृत	एम. ए. (समाजशास्त्र)	२०७४/०६/०३	(क) सन् २०००/०७/३१ देखि सन् २००१/०८/१५ सम्म फिल्ड सहजकर्ताको रुपमा स्वाबलम्बन बिकास केन्द्रमा कार्यानुभव प्राप्त। (ख) सन् २००३/०८/१६ देखि सन् २०१०/०१/२५ सम्म फिल्ड सुपरभाईजरको रुपमा डिप्रोक्स नेपालमा कार्यानुभव प्राप्त (ग) सन २०१०/०१/३१ देखि सन् २०१५/११/२९ सम्म अनुगमन अधिकृतको रुपमा मुक्तिनाथ विकास बैंक लि.मा कार्यरत। (घ) सन् २०१५/१२/०२ देखि सन् २०१७/०९/१६ सम्म चौतारी लघुवित्त वित्तीय संस्था लि.मा व्यवस्थापकिय तहमा कार्यरत (ङ) सन् २०१७/०९/१९ देखि हाल सम्म प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत।	-
२	सरिता ढकाल, लहरेपौवा १, रसुवा	वरिष्ठ प्रबन्धक	एम.ए. (ग्रामिण विकास)	२०७४/०६/२३	(क) सन् २००३/०८/१२ देखि सन् २००५/०७/३१ सम्म डिप्रोक्स नेपालमा सामाजिक परिचालकको रुपमा कार्यरत। (ख) सन् २००५/०८/०१ देखि सन् २०१०/०४/१० सम्म डिप्रोक्स नेपालमा फिल्ड सुपरभाईजरको रुपमा कार्यरत। (ग) सन् २०१०/०४/१४ देखि सन् २०१७/१०/०८ सम्म मुक्तिनाथ विकास बैंक लि.मा बिभिन्न पदमा कार्यानुभव। (घ) सन् २०१७/१०/०९ देखि हाल सम्म साधना लघुवित्त वित्तीय संस्थामा कार्यरत।	
३	रुपेश कुमार झा, वभनगमाकट्टी १, सप्तरी	वरिष्ठ अधिकृत	बि.एड.	२०७४/०९/०२	(क) सन् २००७/०७/१७ दखि सन् २०१३/०७/१३ सम्म महुली सामुदायिक बिकास केन्द्रको लघुवित्त विभाग अन्तर्गत बिभिन्न पदमा कार्यरत। (ख) सन् २०१३/०७/१४ देखि सन् २०१७/०७/२७ सम्म सहायक अधिकृतको रुपमा महुली सामुदायिक लघुवित्त वित्तीय संस्थामा कार्यरत। (ग) सन् २०१७/०७/३० देखि सन् २०१७/१२/१५ सम्म अनुगमन अधिकृतको रुपमा चौतारी लघुवित्त वित्तीय संस्था लि. मा कार्यरत। (घ) सन् २०१७/१२/१७ देखि हाल सम्म साधना लघुवित्त वित्तीय संस्थामा कार्यरत	

(१०) सीमित दायित्व सम्बन्धी विवरण :

यस लघवित्त वित्तीय संस्था, कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत लघुवित्त कारोबार गर्न स्थापना भएको पब्लिक लिमिटेड कम्पनी हो। यसमा शेयरधनीहरुको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबल गरेको शेयरको अधिकतम रकमसम्म सिमित रहनेछ।

(११) धितोपत्र जारी गर्नुको उद्देश्य :

(अ) वित्तीय संस्थाले जारी पूँजी रु. २१ करोड ७७ लाख ८० हजार मध्ये प्रबन्धपत्रमा व्यवस्था भए अनुरुप जारी पूँजीको ३२.५० प्रतिशत शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने भएको कारण जारी पूँजीको ३२.५० प्रतिशतले हुने ७ करोड ७ लाख ८० हजार रकम बराबरको शेयर प्रति शेयर अंकित मुल्य रु.१००/- का दरले ७,०७,८०० कित्ता साधारण शेयरहरु सर्वसाधारणमा बिक्री वितरण गरी वित्तीय संस्थाको सञ्चालनमा सर्वसाधारण शेयरधनीलाई समावेश गराउने।
(आ) वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्ने ।
(इ) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने काम कारोबारका लागि आवश्यक पर्ने पूँजी जुटाउने।
(ई वित्तीय संस्थाको पूँजीकोष वृद्धि गर्ने

(१२) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब खाता र नेटवर्थ सम्बन्धी विवरण

वासलात

विवरण	वासलात (रु. हजारमा)			अपरिष्कृत	प्रक्षेपित* (रु. हजारमा)		
	आ.व. २०७३/०७४	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६	२०७६ चैत्र मसान्त	आ. व. २०७६/०७७	आ. व. २०७७/०७८	आ. व. २०७८/०७९
१. शेयर पूँजी	२४,१८५	४९,०००	७३,५००	१४७०००	२,५०,४४७	४,३२,०२१	५,१८,४२५
२. जगेडा तथा कोषहरु	२	४४	२२,३०९	४०२६९	३१,८९५	५२,७३६	८७,३११
३. डिबेन्चर तथा बण्ड	–	–	–	०	–	–	–
४. तिर्न बाँकि कर्जा सापट	–	२,६७,८०८	८,४६,६१२	११७२४८१	११,३६,२७७	१९,९४,१६६	२४,३२,८८२
५. निक्षेप दायित्व	–	५५,३१५	२,८०,०२२	४३१६३८	४,४९,७१०	९,५७,९५३	३,३१,५५५
६. प्रस्तावित नगद लाभाँश	–	–	–	०	१३,१८१	२२,७३८	२७,२८६
७. आयकर दायित्व	–	–	–	८१८४	–	–	–
८. अन्य दायित्व	११६	३,५०३	११,७३६	९५६२४	४८,५००	७४,२७४	१,०६,४०२
कुल पूँजी तथा दायित्व	**२४,३०३**	**३,७५,६७०**	**१२,३४,१७९**	**१८९५१९६**	**१९,३०,०१०**	**३५,३३,८८८**	**४५,०३,८६१**
सम्पत्ति							
१. नगद मौज्दात	–	९२	२०६	८४०	४४२	६४६	७३१
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	१,२२५	–	–	०	–	–	–
३. बैंक र वित्तीय संस्थामा रहेको मौज्दात	२३,०५३	२२,१६०	३७,४४४	०	८,०८८	१५,०५६	१९,१९९
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	–	–	–	११७९९३	७३,२५४	७६,०७६	९७,८७५
५. लगानी	–	–	–	०	–	–	–
६. कर्जा सापट	–	३,४७,३२७	११,८१,५८९	१७०५२४४	१७,९१,०२४	३३,६३,६१६	४२,८२,२७६
७. स्थिर सम्पत्ति	–	४,४२३	१०,१२१	२०३४९	२४,५८६	२७,५६८	२९,४०२
८. गैर बैंकिङ्ग सम्पत्ति	–	–	–	०	–	–	–
९. अन्य सम्पत्ति	२५	१,६६८	४,८१९	५०७७०	३२,६१६	५०,९२६	७४,३७८
कुल सम्पत्ति	**२४,३०३**	**३,७५,६७०**	**१२,३४,१७९**	**१८९५१९६**	**१९,३०,०१०**	**३५,३३,८८८**	**४५,०३,८६१**

नाफा नोक्सान हिसाव

विवरण	वासलात (रु. हजारमा)			अपरिष्कृत	प्रक्षेपित* (रु. हजारमा)		
	आ.व. २०७३/०७४	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६	२०७६ चैत्र मसान्त	आ. व. २०७६/०७७	आ. व. २०७७/०७८	आ. व. २०७८/०७९
१. ब्याज आम्दानी	१९५	१८,४२१	१,१३,८२४	१८१५६९	२,८७,७९१	४,७४,१७७	७,०६,०७५
२. ब्याज खर्च	–	१३,१९९	६७,५३०	१०६४९६	१,४५,९४२	२,३१,६११	३,३९,४९५
खुद ब्याज आम्दानी	**१९५**	**५,२२२**	**४६,२९४**	**७५०७३**	**१,४१,८४९**	**२,४२,५६६**	**३,६६,५८०**
३. कमिशन तथा डिस्काउन्ट	–	१३,१२९	३०,६८५	११८६	४८,५७१	७६,८६३	९३,७९०
४. सटही घटवढ आम्दानी	–	–	–	४०५८०	–	–	–
कूल संचालन आम्दानी	**१९५**	**१८,३५१**	**७६,९७९**	**११६८३९**	**१,९०,४२०**	**३,१९,४२९**	**४,६०,३७०**
५.कर्मचारी खर्च	–	८,९७४	३०,८४२	४९२८७	६३,७९८	१,०३,२३६	१,६६,३३६
६. अन्य संचालन खर्च	१९२	५,७४९	१४,९१९	२२९११	२७,२८३	४०,४५१	५०,१४९
७.सटही घटवढ नोक्सान	–	–	–	०	–	–	–
सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा	**३**	**३,६२८**	**३१,२०८**	**४५३६१**	**९९,३३९**	**१,७५,७४२**	**२,४३,८८५**
८.सम्भावित नोक्सानी व्यवस्थाहरु	–	३,५०८	५,९३८	३३३५०	१२,२०२	१८,६८३	१०,८७१
सञ्चालन मुनाफा	**३**	**१२०**	**२५,२७०**	**१२०११**	**८७,१३७**	**१,५७,०५९**	**२,३३,०१४**
९.गैर सञ्चालन आम्दानी/नोक्सान	–	–	–	०	–	–	–
१०.सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	–	–	१४८	१७९९०	–	–	–
नियमित कारोवारबाट भएको मुनाफा	**३**	**१२०**	**२५,४१८**	**३०००१**	**८७,१३७**	**१,५७,०५९**	**२,३३,०१४**
११.असामान्य कारोवारहरुबाट भएको मुनाफा/खर्च	–	–	–	०	–	–	–
सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा	**३**	**१२०**	**२५,४१८**	**३०००१**	**८७,१३७**	**१,५७,०५९**	**२,३३,०१४**
१२. कर्मचारी बोनस व्यवस्था	–	११	२,३११	२७२७	७,९२१	१४,२७८	२१,१८३
१३. आयकर व्यवस्था	–	–	–	८१८२	२३,७८२	४२,८५१	६३,५६६
- यस वर्षको कर व्यवस्था	१	–	७,०६६	१९०९२	२३,७८२	४२,८५१	६३,५६६
- गत वर्षसम्मको कर व्यवस्था	–	–	–	०	–	–	–
- यस वर्षको स्थगन कर आम्दानी/खर्च	–	६७	(२,२४०)	०	–	–	–
खुद नाफा/ (नोक्सान)	**२**	**४२**	**१८,२८१**	**१९०९२**	**५५,४३४**	**९९,९३०**	**१,४८,२६५**

नाफा नोक्सान बाँडफाँट हिसाव

विवरण	वासलात (रु. हजारमा)		
	आ.व. २०७३/०७४	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६
आम्दानी			
१. गत वर्षसम्मको संचित मुनाफा	–	२	३४
२. यस वर्षको मुनाफा	२	४२	१८,२८१
३. सटही घटबढ कोष	–	–	–
४. आर्थिक समृद्धी लघुवित्त वित्तीय संस्था मर्जरबाट	–	–	(६,९१४)
जम्मा	**२**	**४३**	**११,४०१**
खर्च			
१. गत वर्षसम्मको सञ्चित नोक्सान	–	–	–
२. यस वर्षको नोक्सान	–	–	–
३. साधारण जगेडा कोष	०.३९	८	३,६५६
४. भैपरी आउने जगेडा कोष	–	–	–
५. संस्था विकास कोष	–	–	–
६. लाभांश समीकरण कोष	–	–	–
७ कर्मचारी सम्बन्धी जगेडाहरु	–	–	–
८. प्रस्तावित लाभांश	–	–	–
९. प्रस्तावित बोनस शेयर	–	–	–
१०. विशेष जगेडा कोष	–	–	–
११. सटही घटबढ कोष	–	–	–
१२. पुँजी फिर्ता जगेडा कोष	–	–	–
१३. पुँजी समायोजन कोष	–	–	–
१४. ग्राहक संरक्षण कोष	–	–	१८३
१५. संस्थागत सामाजिक उत्तरदायित्व कोष	–	०.४२	१८३
१६. स्थगन कर जगेडा	–	०.४२	२,१७३
जम्मा	**०.३९**	**९**	**६,१९५**
सञ्चित मुनाफा/(नोक्सान)	**२**	**३४**	**५,२०६**

वित्तीय अनुपात सम्बन्धी विवरण :

विवरण	वास्तविक			प्रक्षेपित*		
	आ.व. २०७३/०७४	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६	आ. व. २०७६/०७७	आ. व. २०७७/०७८	आ. व. २०७८/०७९
प्रति शेयर आम्दानी (EPS)	०.०१	०.०९	२४.८७	२५.४५	२६.६०	३४.३२

विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल :

विवरण	वास्तविक (रु.हजारमा)			प्रक्षेपित* (रु.हजारमा)		
	आ.व. २०७३/७४	आ.व. २०७४/७५	आ.व. २०७५/७६	आ. व. ०७६/७७	आ. व. ०७७/७८	आ. व. ०७८/७९
पूँजी	२४,१८५	४९,०००	७३,५००	२,५०,४४७	४,३२,०२१	५,१८,४२५
जगेडा तथा कोष	२	४४	२२,३०९	३१,८९५	५२,७३६	८७,३११
घटाउने अपलेखन गर्न बाँकी खर्च	–	२२४	१६८	११२	५६	–
जम्मा नेटवर्थ	२४,१८७	४८,८२०	९५,६४१	२,८२,२३०	४,८४,७०१	६,०५,७३६
शेयर संख्या (हजारमा)	२४२	४९०	७३५	२५,०४,४७०	४३,२०,२११	५१,८४,२५३
प्रति शेयर नेटवर्थ (रु.)	१००.०१	९९.६३	१३०.१२	१२९.५९	१२९.०२	१४०.२१
प्रति शेयर आम्दानी (EPS)	०.०१	०.०९	२४.८७	२५.४५	२६.६०	३४.३२
नेटवर्थमा औसत प्रतिफल (५)	०.०१	०.०९	१९.०८	१९.६३	२०.६१	२४.४८

विगत ३ वर्षको (लेखापरीक्षण भएको) नेटवर्थमा भएको औषत प्रतिफल : ६.३९%

* माथि उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्कासनकर्ता वित्तीय संस्थाको हालको दक्षता र वित्तीय संस्थाले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी एस. डि. एण्ड एसोसियट्स, चार्टर्ड एकाउण्टेण्ट श्री संन्जिव ढकालद्वारा प्रमाणित भएको हो।

वित्तीय प्रक्षेपणका आधारहरु

विवरण	आ. व. २०७६/०७७	आ. व. २०७७/०७८	आ. व. २०७८/०७९
निक्षेपमा वृद्धि %	६०.६०%	११३.०२%	३९.००%
कर्जामा तथा सापट वृद्धिदर %	५१.५८%	८७.८०%	२७.३१%
सञ्चालन खर्च वृद्धिदर %	८२.८७%	४८.२६%	२३.९८%
आयकर दर प्रतिशत %	३०%	३०%	३०%
निक्षेपको लागत दर %	७.५०%	८.००%	८.००%
कर्जाको ब्याज आम्दानी दर %	१९.७६%	१८.९१%	१८.८१%
निष्क्रिय कर्जा प्रतिशत	१.३८%	१.२८%	१.२६%
अनिवार्य नगद मौन्दात (CRR) %	०.५१%	०.५१%	०.५१%
बैधानिक तरलता अनुपात (SLR) %	४.६२%	२.५८%	२.६०%
पूँजीकोष अनुपात (CAR) %	१५.५६%	१४.५७%	१४.४७%

माथि उल्लेखित वित्तीय प्रक्षेपणका आधारको औचित्य पुष्टि हुने विवरणहरु :

१. शाखा संख्या
संस्थाले व्यवसाय वृद्धिको लागि आ.व. २०७४/०७५ मा २० वटा शाखा कार्यालय सञ्चालनमा रहेको थियो भने आ.व. ०७५/०७६ मा २० वटा शाखा थप गरी ४० वटा भएको तथा संस्थाले यस आर्थिक वर्षमा राष्ट्रियस्तरको कार्यक्षेत्रमा स्तरोन्नती भएकोले यस चालु आ.व.२०७६/०७७ मा २० वटा शाखा थप गरी ६० पुऱ्याएको छ। त्यसैगरी आ.व. २०७७/०७८ मा २० वटा शाखा थप गरी ८० र आ.व. २०७८/०७९ मा २० वटा शाखा थप गरी जम्मा १०० वटा शाखा पुऱ्याउने लक्ष्य रहेको छ।

२. सदस्य संख्या
संस्थामा आ.व. २०७५/०७६ सम्म सदस्य संख्या ३३,२०२ रहेकोमा आ.व. २०७६/०७७ मा नयाँ थप हुने शाखा तथा पुरानो शाखाहरुमा १६,००० नयाँ सदस्य थप गरी जम्मा ४९,२०२ पुऱ्याउने। त्यसैगरी आ.व. २०७७/०७८ मा २२,२०० सदस्य थप गरी जम्मा ७१,४०२ पुऱ्याउने र आ.व. २०७८/०७९ मा २६,८८० जना थप गरी सदस्य संख्या जम्मा ९८,२८२ पुऱ्याउने लक्ष्य रहेको छ।

३. ऋणी संख्या
आ.व. २०७५/०७६ मा सदस्य र ऋणीको अनुपात ५६ प्रतिशत रहेकोमा अगामी आर्थिक वर्ष २०७६/०७७ मा ५७.६३ प्रतिशत, त्यसैगरी आ.व. २०७७/०७८ मा ६० प्रतिशत र २०७८/०७९ मा ६२ प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ।

४. कर्जा तथा सापट
यस वित्तीय संस्थाले आर्थिक कारोबार मिति २०७४ कार्तिक २२ गतेबाट शुरु गरेकोमा आ.व. २०७४/०७५ मा रु.३५ करोड लगानी रहिरहेको रकम थियो। त्यसै गरी आ.व. २०७५/०७६ मा २४० प्रतिशतले वृद्धि भै जम्मा रु १ अर्ब १९ करोड पुऱ्याएको छ। लघुवित्त संस्थाहरुको संख्यात्मक वृद्धि सँगै व्यवसाय विस्तारमा कमी हुने देखिएकोले आगामी आर्थिक वर्षहरुमा क्रमशः ५१.५८ प्रतिशत, ८७.८० प्रतिशत र २७.३१ प्रतिशतको दरले कर्जा सापटमा वृद्धि गर्ने योजना रहेको छ।

५. निक्षेप वृद्धि
आ.व. २०७५/०७६ मा रु. २८ करोड निक्षेप संकलन भएकोमा सदस्य संख्या वृद्धि भएको अनुपातमा निक्षेप वृद्धि भई आउने आर्थिक वर्षहरु २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ मा क्रमशः रु. ४४ करोड ९७ लाख, रु. ९५ करोड ७९ लाख र रु. १ अर्ब ३३ करोड पुऱ्याउने लक्ष्य रहेको छ।

६. सञ्चालन नाफाको १० प्रतिशत रकम कर्मचारी बोनस व्यवस्थाको लागि छुट्टयाइएको छ।
७. आउँदो वर्षहरुको लागि वित्तीय संस्थाले आर्जन गर्ने नाफामा ३० प्रतिशतको दरले आयकरको लागि व्यवस्था गरिएको छ।
८. गत वर्षहरुको वास्तविक आँकडा तथा आउँदो वर्षको सञ्चालन योजनाको आधारमा वित्तीय संस्थाको व्यवस्थापनद्वारा वित्तीय विवरण प्रक्षेपण गरिएको हो।
९. पूँजी प्रर्याप्तता (Capital Adequacy) को अनुपात नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी प्रक्षेपण गरिएको छ। जस अनुरुप पूँजी काषको अनुपात आ.व.२०७६/०७७, आ.व.२०७७/०७८ र आ.व.०७८/०७९ को लागि क्रमशः १५.५६ प्रतिशत, १४.५७ प्रतिशत र १४.४७ प्रतिशत हुने गरी प्रक्षेपण गरिएको छ।

द्रष्टव्य : यस लघुवित्त वित्तीय संस्थाको आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षहरुको कारोवारको आधारमा निष्कासनकर्ता कम्पनी आफैले तयार पारेको हो। उक्त प्रक्षेपित वित्तीय विवरणहरु पुनरावलोकन गरी यथार्थपरक भएको व्यहोरा सहितको राय व्यक्त गर्ने विशेषज्ञमा श्री एस.डि. एण्ड एसोसियट्स चार्टर्ड एकाउण्टेण्ट्सका चार्टर्ड एकाउण्टेण्ट श्री सञ्जिव ढकाल, काठमाण्डौं हुनुहुन्छ।

(१३) अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :

कम्पनीको अन्तर्निहित जोखिमहरु निम्नानुसार रहेका छन् :

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :
१. कर्जा सापटी तथा कर्जा लगानीको ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु।
२. नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्नसक्ने असरबाट हुनसक्ने जोखिमहरु।
३. वित्तीय श्रोतको अभावबाट लगानीको दायरा संकुचित हुनसक्ने जोखिमहरु।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम : नभएको।

(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिमः
१. नयाँ वित्तीय संस्थाको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु।
२. वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु।
३. निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (cost overrun) को जोखिमः नभएको।

(ङ) विदेशी विनिमयको जोखिम : सो नभएको।

(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु : सो नभएको।

(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :
१. अन्तराष्ट्रिय बजारमा हुने आर्थिक मन्दीले पार्नसक्ने असर वित्तीय क्षेत्रमा पर्न सक्ने भएकोले सोबाट हुने जोखिमहरु।
२. पुँजी बजारमा आउनसक्ने उतार चढावबाट पर्नसक्ने जोखिमहरु।

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :
नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकले वर्तमान वित्तीय तथा मौद्रिक नीतिमा प्रभाव पार्ने गरी कुनै निर्णय वा व्यवस्था वा कानून लागू गरेमा वित्तीय संस्थालाई असर पर्न सक्छ।

(झ) सञ्चालन इतिहासको अभाव :
मिति २०७४/०७/२२ गतेदेखि वित्तीय कारोवार सञ्चालन गरेकोले सञ्चालन इतिहासको छोटो अनुभव रहेको छ।

(ञ) प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :
प्रविधिमा आउने परिवर्तनबाट वित्तीय संस्थाको सञ्चालन तथा कारोबार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो। हाल प्रयोग भइरहेको सफ्टवेयर तथा हार्डवेयरमा प्रविधिको परिवर्तनबाट आउन सक्ने जोखिम व्यवस्थापनको लागि तथ्यांकहरुको सुरक्षार्थ Data Backup मा विशेष सतर्कता अपनाइएको छ। साथै, समयानुकूल परिमार्जन गर्न परेमा थप खर्च बढ्न सक्ने र प्रविधि परिवर्तन अनुसार कर्मचारीहरु अभ्यस्त नभई कार्य सम्पादन गर्न कठिनाई हुन सक्ने भएकोले प्रविधि परिवर्तनबाट सिर्जित हुन सक्ने जोखिमहरुलाई मध्यनजर गरी आवश्यक तालिम तथा विज्ञहरुको सुझावहरु समय समयमा लिईरहेको छ।

(ट) अन्य :
- देशको राजनीतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
- देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुनसक्ने जोखिमहरु।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ :
वित्तीय संस्थाले अन्तर्निहित तथा भविष्यमा आउन सक्ने विभिन्न जोखिमहरु (कर्जा, बजार सञ्चालन आदि) को पहिचान, अनुगमन तथा व्यवस्थापन गर्नेछ। नेपाल राष्ट्र बैंकको निर्देशन तथा वित्तीय संस्थाको नीति नियमको अधिनमा रहि आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाई विभिन्न जोखिमहरु व्यवस्थापन गरी वित्तीय संस्थालाई उत्कृष्ट एवं सबल रुपमा सञ्चालन गरी लगानीकर्ताहरुको हितको संरक्षणका लागि आवश्यक नीति, कार्यविधिहरु बनाई लागु गरेको छ। यसका साथै, वित्तीय संस्थामा रहेको जोखिम व्यवस्थापन विभागले स्वतन्त्र रुपमा जोखिमलाई प्रभावकारी रुपमा नियन्त्रण तथा व्यवस्थापन गर्ने कार्य गर्नुका साथै समय समयमा जोखिम नियन्त्रणको क्षेत्रमा भए गरेका कार्यहरुको पुनरावलोकन समेत गर्ने गरेको छ। कर्जासँग सम्बन्धित जोखिमहरु, कुनै पनि व्यवसायहरु गर्दा सामना गर्नुपर्ने अन्य अन्तर्निहित जोखिमहरु लगायत बजार र तरलता, कार्य सञ्चालन, व्यवस्थापन र प्रतिष्ठा जस्ता कम्पनीको व्यवसायसँग सम्बन्धित जोखिमहरुलाई कम्पनीले जोखिम व्यवस्थापन संरचनाद्वारा सतर्कतापूर्वक व्यवस्थापन गर्ने गरेको छ। जोखिम व्यवस्थापनका लागि वित्तीय संस्थाले अवलम्बन गरेका सिद्धान्तहरु निम्न लिखित छन् :

- जोखिम र प्रतिफल बिच सन्तुलन।
- अनुशासित संयमित जोखिम बहन।
- अख्तियार प्राप्त समिति तथा व्यक्तिहरुको स्वीकृति पश्चात् मात्र जोखिम ग्रहण तथा सो को व्यवस्थापनका लागि उचित संरचना तथा साधनहरुको उपलब्धता।
- भविष्यमा आउन सक्ने जोखिमहरुको पूर्वानुमान तथा जोखिमहरुको उपयुक्त जानकारी।
- प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धिका लागि जोखिमहरुको कुशल तथा प्रभावकारी व्यवस्थापन एवं नियन्त्रण।
- कम्पनीले निरन्तर रुपमा प्रविधि परिवर्तनबाट सिर्जित हुन सक्ने जोखिमहरुलाई मध्यनजर गरी आवश्यक तालिम तथा विज्ञहरुको सुझावहरु समय समयमा लिईरहेको।

वित्तीय संस्थाले जोखिम नियन्त्रणको क्षेत्रमा अवलम्बन गरेका माथि उल्लेखित नीति एवं उपायहरु पर्याप्त नहुन सक्दछन् यसर्थ उल्लेखित विधिहरुले वित्तीय संस्थाको जोखिमलाई पूर्ण रुपमा हटाउन नसकेता पनि न्युनिकरण गर्न सफल हुने विश्वास लिएका छौं।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :
रु.१००/– प्रति शेयरका दरले निष्कासन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबारमा उतार चढाव आउन सक्ने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

(१४) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकमः

यस विवरणपत्र मार्फत निष्कासन गर्न लागिएको ७,०७,८०० कित्ता साधारण शेयरका लागि धितोपत्र प्रत्याभूतिकर्ता श्री हिमालयन क्यापिटल लि., त्रिदेवीमार्ग, ठमेल, काठमाण्डौबाट ७,०७,८०० कित्ता शेयरको लागि प्रति कित्ता अंकित मूल्य रु.१००/- का दरले हुने रु.७,०७,८०,०००/- बराबरको प्रत्याभूति सेवा प्रदान गरिएको छ।

(१५) धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

(अ) अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रक्रियाः
यस विवरणपत्र मार्फत् सर्वसाधारणमा जारी गरिएको धितोपत्र खरीदका लागि आवश्यक भन्दा अत्यधिक माग भई दरखास्त प्राप्त हुन आएमा धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार धितोपत्रहरु बाँडफाँट गरिनेछ। यदि निष्कासन गरिएको धितोपत्रको संख्याभन्दा कम धितोपत्र खरिदको लागि दरखास्त प्राप्त हुन आएमा माग बमोजिम धितोपत्र बाँडफाँट गरी बाँकि रहेको शेयर प्रत्याभूतिकर्तालिई प्रत्याभूति सम्बन्धी सम्झौतामा भएको व्यवस्था अनुसार खरीद गर्नेछ।

(आ) अत्यधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :
शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डले तोकेको समयावधिभित्र शेयर बाँडफाँट गरी पूर्ण वा आशिक रुपमा स्वीकृति/अस्वीकृति भएको व्यहोरा उल्लेख गरी "धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३" को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराइनेछ र सोही विवरण अनुरुप सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँटमा नपर्ने आवेदकको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ।

(इ) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :
"धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागू भैसकेको सन्दर्भमा उपरोक्त व्यवस्था लागू नहुने।

(ई) धितोपत्र बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्रिया र समयावधि :
यस विवरणपत्र अनुसार जारी गरिएको धितोपत्रहरु धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ तथा धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरे पश्चात् नेपाल स्टक एक्सचेञ्ज लि.मा सूचीकृत तथा सिडिएस एण्ड क्लियरिङ्ग लि.मा दर्ता भए पश्चात् आवेदन फारममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँट परेका शेयर जम्मा/विवरण गर्ने व्यवस्था मिलाइने।

(उ) धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण : सो नभएको ।

(ऊ) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण :
यस विवरणपत्र मार्फत निष्कासन गरिने धितोपत्र धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ तथा धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार धितोपत्रको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित व्यवस्था अनुसार सूचिकरण तथा दर्ता गराई धितोपत्र खरिद तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

(१६) सकारात्मक पक्षहरु :

१) लघुवित्त क्षेत्रका अनुभवी तथा दक्ष व्यक्तिहरुद्वारा स्थापित भएकोले यस लघुवित्त वित्तीय संस्थाको व्यवस्थापन सक्षम तथा प्रभावकारी भएको।
२) स्थानीय समुदायमा वित्तीय संस्थाले बनाएका अमिट छाप,
३) उचित समुह निर्माण नीति अवलम्बन गर्दै कर्जा तथा लगानीको गुणस्तरको स्तरलाई प्राथमिकता दिइएको,
४) वित्तीय संस्थाको सञ्चालक समिति र व्यवस्थापनमा रहेको अन्तराष्ट्रिय, राष्ट्रिय तथा स्थानीय स्तरको ज्ञान र अनुभव,
५) नीतिगत पारदर्शिता र बलियो संस्थागत सुशासन,
६) सामाजिक जिम्मेवारी र दायित्व।

(१७) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण :

१. यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली कम्पनीको रजिष्टर्ड कार्यालय प्रदेश नं.४, गण्डकी अञ्चल, गोरखा जिल्ला, गोरखा नगरपालिका, वडा नं. ६ हरमटारीमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिने छ।
२. यस विवरणपत्र मार्फत निष्कासन गरिने साधारण शेयरको खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले न्यूनतम १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनुपर्नेछ। यदि दरखास्तावालाले १० (दश) कित्ताभन्दा बढी साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १,००० कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सकनेछ।

(१८) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरिक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा लघुवित्त वित्तीय संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिने छ :
१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय प्रदेश नं.४, गण्डकी अञ्चल, गोरखा जिल्ला, गोरखा नगरपालिका वडा नं. ६, हरमटारी।
२. धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको रुपमा नियुक्त भएको ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नाचघर, जमल, काठमाण्डौं।

(१९) धितोपत्र निष्कासनबाट प्राप्त पूँजीको उपयोग :

साधारण शेयर निष्कासन गरी प्राप्त हुने पूँजी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली र अन्य प्रचलित कानुन बमोजिम घ वर्गका वित्तीय संस्थाले गर्न पाउने कार्यको अधिनमा रही वित्तीय संस्थाको लघुवित्त उद्यम कार्यक्रम सञ्चालन तथा विस्तारमा उपयोग गरिनेछ। साधारण शेयर निष्कासन गरी प्राप्त हुने पूँजी वित्तीय संस्थाको नियमित लघुवित्तीय एवं आर्थिक कारोबारमा लगाइने छ, जसको विवरण देहाय अनुसार रहेको छ।

क्र.सं.	विवरण	प्रतिशत	रकम (रु.)
१	पशुपालन तथा कृषि कर्जा	५०	३,५३,९०,०००
२	खुद्रा ब्यापार र सेवा कर्जा	२५	१,७६,९५,०००
३	साना तथा घरेलु कर्जा	२५	१,७६,९५,०००
	जम्मा	१००	७,०७,८०,०००

(२०) निष्कासन बैंक (Bankers to the Issue)सम्बन्धी व्यवस्था:

यस सार्वजनिक निष्कासनको लागि देहायका बैंकलाई निष्कासन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ।

सि.नं.	निष्काशन बैंकको नाम	खाताको नाम	खाता नम्बर
१.	श्री ग्लोबल आइएमई बैंक लिमिटेड	GICL-BTI-SADHANA LAGHUBITTA IPO	A४०१०१००००२४४
२.	श्री कुमारी बैंक लिमिटेड	GICL-BTI-SADHANA LAGHUBITTA IPO	००१००१७१४६०००२९

साथै आवश्यकता अनुसार निष्कासन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्कासन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ।

(२१) आवेदन दिंदा पालन गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिदिनुपर्ने पक्षहरुः

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयर खरीदका लागि दरखास्त दिन सक्नेछन्।
२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्था मार्फत् मात्र आवेदन दिनुपर्नेछ। सो सम्बन्धी अन्य प्रक्रिया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचना पाटी, वेबसाईट वा राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोके बमोजिम हुनेछ।
३. आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्कासनको केन्द्रीकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फारम भरी CRN नं. लिनुपर्नेछ।
४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा भएको विवरण मिल्नुपर्नेछ।
५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात् शेयर खरीदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनुपर्नेछ।
६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनुपर्नेछ।
७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसँग आवेदन फारम भरी बुझाउनुपर्नेछ :
क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम।
ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं. र ईमेल।
ग. नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।
घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)।
ङ. खरिद गर्न चाहेको धितोपत्र बापतको रकम (अंक र अक्षरमा)।
च. आवेदकको खाता रहेको बैंक तथा वित्तीय संस्थाको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।
छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर।
८. आवेदकले आवेदन दिदा सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुमा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormat) रहेको हुनुहुँदैन।
९. आवेदन दिएको रकम बराबरको रकम बैंक खातामा हुनुपर्नेछ।
१०. एक व्यक्तिले आफुले खरीद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।
११. धितोपत्र खरीदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिइसकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्कासन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई आदेश बमोजिम गरिनेछ।
१२. धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्कासन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ।
१३. सिडिएस एण्ड क्लियरिङ्ग लि.बाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिइसकेको हुनुपर्नेछ।
१४. रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई साधारण शेयर बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक र सम्बन्धित सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनेछ।
१५. शेयर बाँडफाँट गरी सूचीकरण भए पश्चात् बाँडफाँटमा परेको आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ।
१६. यस विवरणपत्र मार्फत निष्कासन गरिने साधारण शेयरहरुको लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीको लागि १० (दश) अंकले भाग जाने संख्यामा अधिकतम १,००० कित्ता सम्मको लागि आवेदन दिन सकिनेछ।
१७. संगठित संस्थाको सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा संगठित संस्थाको व्यवस्थापन वा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाको बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको मितिले एक वर्षसम्म सम्बन्धित संगठित संस्था वा त्यसको सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो परिवारको सदस्य वा अन्य कुनै व्यक्ति वा त्यस्ता व्यक्तिको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा वा अन्य व्यक्तिलाई खरिद बिक्री गर्न गराउन वा हस्तान्तरण गर्न वा लेनदेन गर्न सक्नेछैन।
१८. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN No.) खुलाउनुपर्नेछ।

(२२) विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

सि. नं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
(क)	ग्लोबल आइएमई क्यापीटल लिमिटेड, जमल, काठमाडौं र वेबसाइट : www.globalimecapital.com
(ख)	साधना लघुवित्त वित्तीय संस्था लिमिटेड, गोरखा न.पा. ६, हरमटारी, गोरखा र वेबसाइटः www.sadhanalaghubitta.com.np
सि. नं.	**दरखास्त फारम प्राप्त गर्ने तथा बुझाउने स्थान**
(ग)	नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु।

(२३) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

यस विवरण पत्र अनुसार साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लि, डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई "आइसिआरए एनपि आईपिओ ग्रेड ४+" प्रमाणपत्र प्राप्त गरेको छ। "आइसिआरए एनपि आईपिओ ग्रेड ४+" ले औसत भन्दा तल आधारहरु (**Below Average Fundamentals**) भन्ने बुझिन्छ। इक्रा नेपाल लि.ले १ देखि ५ प्वाइन्टसम्ममा ग्रेडिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ। क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण यस विवरणपत्रको अनुसूचीमा संलग्न गरिएको छ। ईक्रा नेपाल लि. ले यस वित्तीय संस्थालाई मिति २०७६/१०/२९ (तदनुसार १२ फेब्रुअरी, २०२०) गतेको पत्रबाट क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको हो र सो क्रेडिट रेटिङ्गको बहाल रहने अवधि ११ फेब्रुअरी, २०२१ सम्म रहनेछ।

(२४) धितोपत्र बिक्रि खुल्ला अवधि :

यस विवरणपत्रद्वारा निष्कासन गरिने शेयरको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्य दिनको लागि खुल्ला गरिनेछ। सो अवधि भित्र निष्कासन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढीमा १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ।

(२५) गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

सार्वजनिक निष्कासन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र समाधानका लागि धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौमा एक कक्षको व्यवस्था गरिएको छ साथै लगानीकर्ताहरुले धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको कार्यालयमा श्री नलिना श्रेष्ठलाई फोन नं. ४२२२४६०, फ्याक्स नं. ४२२२१३४ तथा E-Mail:info@gicl.com.np बाट आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सकनेछन्।

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

पो.ब.नं.२१५९९
राष्ट्रिय नाचघर तेस्रो तल्ला, जमल, काठमाण्डौं।
फोन नं. ४२२२४६० फ्याक्स नं.४२२२५३४
E-mail:info@gicl.com.np, URL: www.globalimecapital.com

मिति २०७७/०३/१२ गतेको अन्नपूर्ण पोष्ट दैनिकमा प्रकाशित